मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : १२० ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ चैत ५ गते विहीवार (Thursday, March 18. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## सुवर्ण अवसर ! सुवर्ण अवसर !!

यस Best future मन्टेश्वरी तालिम केन्द्रमा मन्टेश्वरी तालिमका एकहप्ता, दुई हप्ता, एक महिना र तीन महिनामा हुने विभिन्न कोर्षहरुमा मन्टेश्वरीको तालिम लिई आफूलाई उत्कृष्ट बनाई रोजगारीको सुनिश्चतता गर्नुहोस् ।

तालिममा उत्कृष्ट हुने १५ जनालाई रोजगारीको पूर्ण ग्यारेन्टी गरिनेछ । *नोटः तालिमका कक्षाहरु चैत्र १ गते आइतबारबाट सञ्चालन हुनेछ । साथै यस स्कुलमा कक्षा PG देखि U.K.U. सम्मका नानीहरूका लागि भर्ना खुलेको समेत जानकारी गरिन्छ ।*

सम्पर्क : ९८४९२५९७२९, ९८४१८९७४४७, ०२३-५४२६४७

**Best Future Montessori School & training center,** Birtamod–06

# जमिन हडप्ने योजना !

**झापा, चैत ४।** भद्रपुर नगरपालिका-५ नम्बर वडा कार्यालयमा केही युवा समूहले तोडफोडको प्रयास गरेको छ ।



नेपाली नागरिकताको प्रतिलिपि सिफारिस माग्न गएका युवा समूहले वडाध्यक्ष कार्यकक्षमा तोडफोडको प्रयास गरेको हो । साबिक भद्रपुर-१ ठेगाना बताउने अन्दाजी ६५ वर्षीय योगराज चौहानको नागरिकता हराएको र त्यसैको प्रतिलिपि बनाउनु पर्ने भन्दै चौहानसहित केही युवा समूह मंगलवार दिउँसो वडा कार्यालय सिफारिस लिन पुगेका थिए ।

वडा अध्यक्ष बन्धु कार्कीले नागरिकता हराएको कुनै प्रमाण नभएको र नागरिकता नम्बरकै आधारमै सिफारिस दिन नमिल्ने बताएपछि युवा समूहले विवाद गर्दै कार्यकक्षमै तोडफोडको प्रयास गरेका थिए । युवा समूहले दादागिरी शैलीमा वडा अध्यक्षको टेबल ठोकेका थिए । वडा कार्यालयभित्रै विवादसँगै टेबल ठोकाठोक भए पनि हातपात नभएको वडा अध्यक्ष कार्कीले बताए । 'उनीहरूले वडा कार्यालयभित्रै आक्रमणको प्रयास गर्न खोजेका थिए'- वडाध्यक्ष कार्कीले भने- 'छेउमै नगरपालिका कार्यालयसँगै बिच बजारमै यस्तो घटना भएकोले उनीहरूले आक्रमण गर्न पाएनन् । घटनाको विषयमा कर्मचारीले तत्काल प्रहरीलाई खबर गर्न साथ उनीहरू त्यहाँबाट भागका थिए ।'

१० देखि १२ जना युवाहरू समूह बनाएर योजनाका साथ आएका थिए । आफूलाई टोले दादा भन्ने उनीहरू मोटरसाइकल र कार चढेर झापाका विभिन्न स्थानबाट आएका थिए । उनीहरूसँगै नागरिकता प्रतिलिपि सिफारिस लिन सम्बन्धित व्यक्ति चौहान र उनकै सहयोगी केर्खाका पूर्ण दाहाल पनि आएको बताइएको छ । नागरिकताको कुनै कागजात नभएकाले मेरो नागरिकता हराएको भन्दै अदालतबाट पत्र लिएर आउनुहोस्, मैले चौहानलाई पटक-पटक भनें- वडाध्यक्ष कार्कीले । तर, चौहान र उनीसँगै आएका दाहालले त्यस्तो कहाँ हुन्छ र वडा कार्यालय नै लिखित रुपमा सिफारिस दिन मिल्दैन भनेर दिनुपर्‍यो भनेपछि उनीहरूले विवाद गरेको कार्कीको भनाइ छ ।

**प्रशासन कार्यालयबाट नागरिकता नलिएको खुलासा**

साबिक भद्रपुर नगरपालिका-१ हाल भद्रपुर-५ बस्ने बताउने योगराज चौहान वर्षौंदेखि भारतमा बसोबास गर्दै आइरहेका छन् । उनले सम्पूर्ण कागजात भारतमै बनाइसकेका छन् । उनको भारतमा आधार कार्ड, राशन कार्ड, मतदाता परिचयपत्र भएको उनले स्वयम् वडा कार्यालयमा सिफारिस लिन जाँदा कर्मचारीलाई बताएका थिए ।

नागरिकताको विषयमा वडा कार्यालयमा तोडफोडको प्रयास भएकोले घटना बारे थप बुझ्न पूर्वाञ्चलकर्मी बुधवार दिउँसो जिल्ला प्रशासन कार्यालय झापा पुगेका थिए । प्रशासन कार्यालयबाट चौहानले ल्याएको नागरिकता नम्बर कार्यालयमै बसेर केलाउँदा ढड्डामा उनको नाम देखियो । २०३३ सालमा प्रशासन कार्यालय झापामा घुम्ती टोली आएका बेला बुबा तिलबहादुर चौहानका छोरा योगराज चौहान (२३ वर्ष) नागरिकता नम्बर ११८०/९४२ उल्लेख छ । त्यहाँ उनले औंठा छापा पनि लगाएका छन् ।

तर, उनले प्रशासन कार्यालयबाट नागरिकता लिएको जारी मिति कतै उल्लेख छैन । जारी मिति उल्लेख नहुँदा उनले घुम्ती शिविरमा नागरिकता पाउनका लागि नाम लेखाएको हो, तर नागरिकता लिन प्रशासन कार्यालय नआएको त्यहाँका कर्मचारीले बताए । प्रशासन कार्यालय झापाका सहायक प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर शाहीले भने- 'घुम्ती टोलीको ढड्डामा नागरिकता नम्बर उल्लेख छ, तर

(बाँकी अन्तिम पृष्ठमा)

# ३५ जना विप्लव कार्यकर्ता जेलमै

## आरोप एक, मुद्दा अनेक- अधिकारकर्मी र अदालत छल्न प्रहरीको बठ्याइँ

**झापा, चैत ४।** सरकार र नेपाल कम्युनिष्ट पार्टी नेत्र विक्रम चन्द (विप्लव) समूहबीच गत फागुन २० गते तीन बुँदे सहमति भए पनि सरकार सहमति कार्यान्वयनमा उदासीन देखिएको छ ।

विप्लव समूहसँग पक्राउ परेका नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्तालाई बिना शर्त रिहा गर्ने सहमति भएको थियो । तर, सहमति भएको दुई साता बित्न लाग्दा समेत प्रदेश १का विभिन्न जिल्लामा रहेका कारागारमा ३५ जना विप्लव समूहका नेता तथा कार्यकर्ता छुटेका छैनन् । उनीहरुलाई रिहा गर्ने विषयमा गृहमन्त्रालयबाट कुनै सर्कुलर जारी नभएको भन्दै नछाडिएको बताइन्छ ।

सहमतिमा राजनीतिक आस्थाका आधारमा पक्राउ परेका कार्यकर्तालाई तत्काल रिहा गर्ने भनिएको छ । तर, प्रदेश १ प्रहरीले सार्वजनिक मुद्दा, हात हतियार तथा खरखजना मुद्दा, ज्यान मार्ने उद्योग जस्ता मुद्दा दर्ता गरेर विप्लवका कार्यकर्तालाई अझै थुनामा राखेको छ ।

प्रहरी उच्च स्रोत भन्छ - प्रदेश १मा पक्राउ परेका विप्लवका कार्यकर्तालाई नेपाल कम्युनिष्ट पार्टी विप्लव समूहको भनेर उल्लेख नगरी अन्य मुद्दा जोडेर कारवाही गरिएको छ । जसका कारण सरकार र विप्लव समूहबीच सहमति भए पनि प्रदेश १मा पक्राउ परेका विप्लव समूहका कार्यकर्ता रिहा भएका छैनन् । प्रहरीले मानवअधिकारकर्मी तथा अदालतले राजनीतिक



आस्थाका आधारमा बन्दी नबनाउन आदेश दिने गरेका कारण विप्लव समूहका कार्यकर्तालाई अन्य मुद्दा लगाएर थुनामा राख्ने गरेको स्रोतले बताएको छ ।

अर्ध भूमिगत अवस्थामा रहेको विप्लव समूहसंग सरकारकातर्फबाट प्रधानमन्त्री केपी शर्मा ओली र विप्लब समूहका तर्फबाट नेत्र बिक्रम चन्दले सहमति पत्रमा हस्ताक्षर गरेका थिए ।

सम्झौता भएपछि पार्टीका उपल्लो तहका नेता धर्मेन्द्र बाँस्तोलासहित धेरै कार्यकर्ता रिहा भएका थिए । तर, सम्झौताको २ साता बित्दा पनि प्रदेश १का विभिन्न कारागारमा रहेका ३७ जना कार्यकर्ता रिहा भएका छैनन् ।

सरकार र विप्लव समूहबीच भएको सहमति अनुसार गृहमन्त्रालयले कार्यकर्ता रिहा गर्न ७७ वटै जिल्ला प्रहरी कार्यालयलाई परिपत्र गरिसकेको जनाएको छ । जिल्ला प्रशासन कार्यालयले कारागारमा रहेका विप्लवका नेता कार्यकर्ताको संख्यासहितको रिपोर्ट मन्त्रालयमा पठाए पनि रिहाइको प्रक्रिया भने अघि बढेको छैन ।

मोरङका प्रमुख जिल्ला अधिकारी कोषहरि निरौलाले गृह मन्त्रालयमा मोरङ कारागारमा रहेका विप्लवका नेता तथा कार्यकर्ताको संख्या र विवरण पठाइएको जानकारी दिए । तर, मन्त्रालयले उनीहरुलाई रिहा गर्न आदेश नदिएको उनको भनाइ छ ।

विप्लव नेतृत्वको नेकपाका केन्द्रीय सदस्य तथा उपत्यका इन्चार्ज माइला लामासहित ३७ नेता कार्यकर्ता प्रदेश १का विभिन्न कारागारमा छन् । लामा संखुवासभाको खाँदबारी कारागारमा थुनिएको पार्टीले जनाएको छ । खाँदबारीमा लामा, जिल्ला इन्चार्ज देव गुरुङसहित १० नेता कार्यकर्ता छन् ।

मोरङ कारागारमा विप्लवका ५ कार्यकर्ता थुनिएका छन् । विप्लव समूहले २३ मंसीर २०७७मा मोरङको मिक्लाजुङका शिक्षक राजेन्द्र श्रेष्ठको घाँटी रेटेर हत्या गरेपछि माघ ७ गते पक्राउ परेका सो पार्टीका मोरङ इन्चार्ज डीबी सिलवाल भनिने धनबहादुर विकलाई हत्या अभियोगको मुद्दामा पुर्पक्षको लागि कारागार चलान गरिएको हो ।

शिक्षक श्रेष्ठलाई अपहरण गर्ने ६ जनामध्ये एक जना विक भएको प्रहरीले जनाएको छ । अन्य ५ जनाको खोजी जारी रहेकै बेला सरकार र विप्लव समूहबीच सहमति भएको थियो । सो मुद्दामा विप्लवसहित धेरै नेता तथा कार्यकर्तालाई प्रतिवादी बनाइएको छ ।

यता झापा कारागारमा समेत विप्लवका तीन जना कार्यकर्ता रहेका छन् । उनीहरुलाई अझै पनि प्रहरीले रिहा गरेको छैन ।

# फेसबुकबाट ठग्ने र कुटपिट गरी हत्या गर्ने पक्राउ

**झापा, चैत ४।** खोटाङको तुवाचुङ नगरपालिका-५ बस्ने खड्क भन्ने ३४ वर्षीय अजित राईलाई कुटपिट गरी हत्या गरेको अभियोगमा सोही ठाउँ रातमाटेबाट तीन जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने ३४ वर्षीया लक्ष्मी राई, ३० वर्षीय दईन्द्र राई र १६ वर्षीया किशोरी रहेका छन् । महिलाहरु बसेको कोठामा प्रवेश गरेको बिषयलाई लिएर कुटपिट गर्दा गम्भीर घाइते भएका अजितको उपचारको लागि स्थानीय स्वास्थ्य चौकी छापडाँडातर्फ लैजाने क्रममा बाटैमा मृत्यु भएको थियो । इलाका प्रहरी कार्यालय हलेसीबाट खटिएको प्रहरीले कुटपिटमा संलग्न उनीहरुलाई पक्राउ गरेको हो ।

उता सामाजिक सञ्जाल फेसबुक, वाट्स एप, ई-सेवा, आईएमई पे वालेट दुरुपयोग गरी आफू अमेरिकाको नागरिक भएको भन्दै बिभिन्न व्यक्तिहरुलाई ठगी गरेको अभियोगमा मोरङ विराटनगर महानगरपालिका-३ बस्ने सिरहा लाहान घर भएका २३ वर्षीय रञ्जित यादवलाई प्रहरीले पक्राउ गरेको छ ।

सामाजिक सञ्जालमार्फत विभिन्न व्यक्तिहरुसँग कुराकानी गरी बिश्वास दिलाइ पीडितहरुलाई बिभिन्न इलेक्ट्रोनिक सामानहरु नेपालसम्म डेलिभरी गराइ दिने प्रलोभनमा पारी रकम जम्मा गर्न लगाई ठगी गर्ने कार्यमा संलग्न यादवलाई महानगरीय प्रहरी परिसर ललितपुर र जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको संयुक्त प्रहरीले पक्राउ गरेको हो ।

# जंगली हात्तीको आक्रमणबाट मृत्यु

**झापा, चैत ४।** जङ्गली हात्तीको आक्रमणबाट बुधवार बिहान घाइते भएका एक युवकको मृत्यु भएको छ ।

मृत्यु हुनेमा इलाम देउमाई नगरपालिका-१० ढोडेनी बस्ने १९ वर्षीय कृतिमान खाती छन् । उनी बुधवार बिहान बुद्धशान्ति गाउँपालिका-२मा हात्तीको आक्रमणमा परी घाइते भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

घाइते खातीलाई उपचारका लागि बिर्तामोडस्थित बिर्तासिटी अस्पताल लगिएकोमा उपचार सम्भव नभएकाले भद्रपुरस्थित मेची अस्पतालमा सिफारिस गरिएको थियो । मेची अस्पतालमै उपचारका क्रममा उनको मृत्यु भएको प्रहरी कार्यालयका प्रवक्ता राकेश थापाले बताए ।

उनीसँगै अर्जुनधारा नगरपालिका-

(बाँकी अन्तिम पृष्ठमा)

# एक करोड ८५ लाख जरिवाना तोकिएका झापाका ढुंगाना पक्राउ

**झापा, चैत ४।** नेपाल प्रहरीले एक करोड ८५ लाख रुपैयाँ जरिवाना भएपछि फरार रहेका एक व्यक्तिलाई पक्राउ गरेको छ ।

प्रहरीको केन्द्रीय अनुसन्धान व्युरो (सिआइबी)ले बैंकिङ कसुर मुद्दामा उच्च अदालत पाटनले रु. एक करोड ८५ लाख जरिवाना गरेपछि फरार रहेका झापाका ५१ वर्षीय उपेन्द्रप्रसाद ढुङ्गानालाई मंगलबार पक्राउ गरी सार्वजनिक गरेको हो ।

ब्युरोका प्रवक्ता, प्रहरी उपरीक्षक गङ्गा पन्तले उच्च अदालत पाटनको विसं २०७७ माघ ५ को फैसलापछि एक महिना कैद र बिगोबमोजिम एक करोड ८५ लाख रुपैयाँ जरिवाना ठहर गरेपछि फरार रहेका ढुङ्गानालाई मङ्गलबार धुम्बाराहीबाट पक्राउ गरिएको जानकारी दिए ।



पक्राउ परेका ढुङ्गानाले आफ्नो प्रभु बैंक लिमिटेड सुकेधाराको खातामा पर्याप्त मौज्दात नहुँदा नहुँदै झुक्यानमा पारी चेक दिएर बैंकिङ कसुरजन्य अपराध गरेका थिए ।

उच्च अदालतले ढुङ्गानालाई बैंकिङ कसूर तथा सजाय ऐन २०६४ को दफा ३(ग) बमोजिमको कसूरमा दफा १५(१) बमोजिम उल्लेखित सजाय हुने गरी फैसला सुनाएको थियो । पक्राउ परेका ढुङ्गानालाई फैसला कार्यान्वयनका लागि बुधवार काठमाडौं जिल्ला अदालतमा पेश गरिएको प्रवक्ता पन्तले बताए ।

# पत्रकार महासंघको निर्वाचन चैत २५ गते

**झापा, चैत ४।** नेपाल पत्रकार महासंघको निर्वाचन यही चैत २५ गते हुने भएको छ ।

महासंघका उपलब्ध सदस्य सम्मिलित केन्द्रीय समितिको बुधवारको बैठकले जिल्ला, प्रदेश, केन्द्र, प्रतिष्ठान र एशोसियट संरचनाको निर्वाचन तीन हप्तापछि एकै दिन गर्ने निर्णय गरेको सचिव प्रकाश थापाले राससलाई जानकारी दिए । महासंघको संशोधित विधानानुसार केन्द्रीय साधारणसभा गत फागुन ४ र ५ गते सम्पन्न भइसकेको छ ।

चैत ७ गते सबै तहको निर्वाचन कार्यतालिका प्रकाशन हुने महासंघले जनाएको छ । निर्वाचनको मिति तय भएसँगै पत्रकार कपिल काफ्लेका संयोजकत्वमा गठित निर्वाचन समितिले काम अघि बढाउने जनाइएको छ ।

समितिका सदस्यमा अधिवक्ता अरुण पौडेल, कपिलचन्द्र पोखरेल, कृष्णमाया भुसाल, हरेन्द्र राई र देवेन्द्र झा तथा सदस्य सचिवमा भक्तिराम घिमिरे रहेका छन् ।

# प्रदेशका सबै जिल्लामा जनगणना कार्यालय स्थापना

**झापा, चैत ४।** प्रदेश नं १ का १४ वटै जिल्लामा जनगणना कार्यालय स्थापना भइसकेका छन् ।

'मेरो गणना मेरो सहभागिता' नारा दिइएको राष्ट्रिय जनगणना-२०७८ १२ औं जनगणना हो । विसं २०६८ बाट शुरु भएको राष्ट्रिय जनगणनाले देशको जनसंख्या मात्र नभएर सबै सूचाङ्कको अभिलेख हुने र यसबाट राष्ट्रिय नीति निर्माण गर्न सरकारलाई सहज हुने भनिएको छ ।

देशभरमा ८७ जिल्लामा जनगणना कार्यालय स्थापना गरिएको छ भने मोरङमा दुई स्थान बेलबारी र विराटनगरमा जिल्ला जनगणना कार्यालय स्थापना गरिएको प्रदेश तथ्याङ्क कार्यालयका प्रमुख तीर्थराज बरालले जानकारी दिए । उनले मोरङका प्रमुख जिल्ला अधिकारी कोषहरि निरौलाको अध्यक्षतामा बुधवार बसेको जिल्ला जनगणना समितिको बैठकले जनगणनाका निम्ति केन्द्र तय गरेको हो ।

बैठकले कार्यक्रमको प्रचारप्रसार गर्ने

(बाँकी अन्तिम पृष्ठमा)




## बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी

पायल्स, प्यारालाइसिस, हाडजोर्नी साथै अन्य सबै रोगहरुको आयुर्वेदिक औषधि, क्षरसूत्र, कपिङमसाज, पञ्चकर्म, फिजियोथेरापीबाट उपचार हुने पूर्वकै गुणस्तरीय, विश्वासिलो र भरपर्दो उपचार केन्द्र **बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर** (अस्टाङ्ग आयुर्वेद फार्मेसी, बिर्तामोड, झापा)

**सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

## कर्मचारी आवश्यकता

बिर्तामोडस्थित प्लानेट अटो बिर्तामोड भेस्पा एप्रिला शोरुमको लागि केही सेल्स गर्ल्स चाहिएकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

योग्यताः +२देखि स्नातक कम्प्युटर चलाउन जान्ने

उमेरः १८देखि २५ बर्षसम्म अनुभवीलाई प्राथमिकता

तलबः आपसी समझदारीमा

*नोटः यहाँ उल्लेखित कम्पनीका स्कुटरहरु धमाधम विक्री भइरहेको छ ।*

*सम्पर्कः ९८५२६५२७८६, ९८०४९५८०९५ भद्रपुर रोड, बिर्तामोड*

## सूचना

**२०७५ साल भदौ १ गतेदेखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरुः**

- छाउपडीमा राख्ने वा त्यस्तो अन्य भेदभाव, छूवाछुत र अमानवीय व्यवहार गर्नेलाई तीन महिनासम्म कैद वा तीन हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुने ।
- विवाहमा लेनदेन गर्ने तथा दाइजो नदिएको कारण सताउनेलाई पाँच बर्षसम्म कैद वा पचास हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुने ।
- आफ्नो संरक्षकत्वमा रहेका नवजात शिशु, बालबालिका, अशक्त रोगी वा बृद्ध व्यक्तिलाई फाल्ने, परित्याग गर्ने वा वेवास्ता गरी छोड्नेलाई तीन बर्षसम्ममा कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने ।
- मञ्जुरी बिना भएको विवाह, हाडनातामा भएको विवाह, बाल विवाह, बहुविवाह स्वतः बदर हुने ।

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रशारण विभाग**

## Vacancy

A Share Broker company, licensed by Security Exchange Board of Nepal and member of Nepal Stock Exchange Ltd, is looking for a suitable candidate in its Birtamode- Jhapa office.

**1. Officer - Account & General Administration Department**
**Required Qualification:**
a. Atleast Bachelors Degree in Business Administration, Busniness studies/management or related field from a recognized University
b. Experience atleast Minimum 3 years in accounting. Excellent understanding of business accounts is must.
c. Should be able to work in computers.
d. Should have potential to lead the team.
e.Nepali Typing ability will be added advantage.
Interested candidate can apply by sending their application & resume (CV) via email to **recruitmentshspl@gmail.com** or by droping hard copies of documents at our Birtamode office.

*Address of Birtamode office:*

**Shree Hari Securities Pvt Ltd**
**Triveni Complex, Triveni Chowk,**
**Birtamode Jhapa (023-542132 / 023-542454)**
*For any further inquires you may contact at 9851179015 (Piyush)*

# पत्रकारिता क्षेत्रबाट उत्कृष्ट नागरिकको खोजी

## ०७८ बैशाख ४ गते उत्कृष्ट नागरिक सम्मान समारोह

**बिर्तामोड, चैत ४।** वीरता जेसीज भूतपूर्व अध्यक्ष क्लबको अगुवाईमा हरेक बर्ष बैशाखको पहिलो साता प्रदान गरिँदै आएको उत्कृष्ट नागरिक सम्मान यस वर्ष पत्रकारिता/सञ्चार विधामा झापाका अग्रज पत्रकारमध्ये एक जनालाई प्रदान गरिने भएको छ।

वीरता जेसीज भूतपूर्व अध्यक्ष क्लबको अगुवाईमा झापाका एक सय २५ वटा भन्दा बढी सामाजिक संघ-संस्थाको सामुहिक सहभागितामा हरेक बर्ष बैशाखको पहिलो साता हुने उक्त कार्यक्रम यस वर्ष आगामी बैशाख ४ गते शनिबार हुने भएको हो।

यस बर्षको उत्कृष्ट नागरिक सम्मान समारोह-२०७७को संयोजकमा वीरता जेसीजका भूतपूर्व अध्यक्ष यामकुमार खड्का रहेका छन् भने सचिवमा भूतपूर्व अध्यक्ष बिशाल थापा रहेका छन्।

त्यस्तै यस बर्षको उत्कृष्ट नागरिक छनौट समितिको संयोजकमा अनारमनी पव्लिक क्याम्पस प्रमुख मोहन शिवाकोटी रहेका छन् भने सदस्यहरुमा भानु माविका प्रधानाध्यापक रुपक दाहाल, हिमाली माविका प्रधानाध्यापक केशवप्रसाद ओझा, वीरता जेसीजका भूतपूर्व अध्यक्षहरुका तर्फबाट भूतपूर्व अध्यक्ष राजकुमार पोखरेल, उत्कृष्ट नागरिक सम्मान समारोह-२०७७ का संयोजक यामकुमार खड्का रहेका छन्।

यस बर्ष उत्कृष्ट नागरिकको रुपमा पत्रकारिता/सञ्चार विधामा उत्कृष्ट एक जनालाई चयन गरिने छनौट समितिका संयोजक शिवाकोटीले बताए।

उनले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको, नागरिकको सूचनाको हक रक्षाका लागि योगदान गरेको, पत्रकारिता/सञ्चारको माध्यमबाट समाजमा सकारात्मक परिवर्तनका लागि योगदान पुग्ने अभियान सञ्चालन गरेको, कम्तीमा चार दशकदेखि पत्रकारिता/सञ्चार क्षेत्रमा क्रियाशिल भएर विशिष्ठ योगदान पुर्‍याएका झापाका अग्रज पत्रकारको नाम सिफारिस गर्न सार्वजनिक रुपमा आग्रह गरेका छन्।

हरेक बर्ष विविध विधामा झापालीमध्ये एक जनालाई उत्कृष्ट नागरिक घोषित गरिँदै आएको र यस वर्ष उत्कृष्ट नागरिकको रुपमा पत्रकारिता/सञ्चार विधामा चयन भएका उत्कृष्ट नागरिकलाई स्वर्ण पदक, सम्मानपत्र, नगद प्रदान गर्नुका साथै झाँकीसहित नगर परिक्रमा गरेर निवाससम्म पुर्‍याइने उत्कृष्ट नागरिक सम्मान समारोह-२०७७का संयोजक यामकुमार खड्काले बताए।

सन् १९८१मा स्थापित वीरता जेसीजले २०५२ सालबाट उत्कृष्ट नागरिक सम्मानको थालनी गरेको हो।

समाजमा विशिष्ठ योगदान पुर्‍याएका व्यक्तित्वलाई छनौट गरी उत्कृष्ट नागरिक घोषणासँगै सम्मान प्रदान गर्दा त्यस्ता व्यक्तित्वको योगदानको कदर हुनुका साथै सम्बन्धित क्षेत्रमा अझ धेरै योगदान गर्ने हौसला प्रदान हुन्छ भने समाजका अन्य नागरिकलाई त्यस्तै उत्कृष्ट बन्न प्रेरित गर्ने वीरता जेसीजका संस्थापक अध्यक्ष गोपालकुमार बस्नेतले बताए।

# बाल्मीकि लिङ्कन कलेजमा नयाँ विषय थप



**बिर्तामोड, चैत ४।** झापाको बिर्तामोडमा सञ्चालित बाल्मीकि लिङ्कन कलेजले यस शैक्षिक सत्रदेखि बीएचएम र वीआईटी विषय थप गर्ने भएको छ।

विगत पाँच वर्षदेखि बिर्तामोडमा सञ्चालित उक्त कलेजले विद्यार्थीको मागलाई मध्यनजर गर्दै नयाँ विषय थप गर्ने निर्णय गरेको हो। यसअघि उक्त विषय अध्ययन गर्न बिद्यार्थी राजधानी केन्द्रीत हुँदै आएका थिए। तर, प्रदेश नम्वर १मा नै पहिलोपटक लिङ्कन कलेजले वीएचएम र वीआईटी विषय थप गरेसँगै अब विद्यार्थीले सिपमूलक विषय अध्ययनका लागि अन्यत्र जानु नपर्ने बाल्मीकि लिङ्कन कलेजका निर्देशक आनन्दकुमार बस्नेतले बताए। बिद्यार्थीले गुणस्तरीय शिक्षा अध्ययनका लागि अब अन्यत्र जानु नपर्ने बताउँदै उनले सर्वशुलभ रुपमा बिर्तामोडबाटै विश्वस्तरीय शिक्षा आर्जन गर्न सकिने बताए।

नेपाल सरकार शिक्षा मन्त्रालयबाट अनुमति प्राप्त र त्रिभूवन विश्व विद्यालयको समकक्षता प्राप्त यी विषय अध्ययन पश्चात विद्यार्थीमा सिप विकास भएर रोगजारीमा टेवा पुग्ने कलेजले विश्वास लिएको छ। लिङ्कन कलेजका प्रिन्सिपल किशोर बस्नेतका अनुसार वीएचएम र वीआईटी विषय अध्ययनपछि विद्यार्थीहरु वेरोजगार बस्नु नपर्ने र विदेशमा सहज रुपमा काम गर्न सक्ने छन्।

विद्यार्थीले कक्षा ११ र १२मा कम्प्युटर साइन्स र होटल म्यानेजमेन्ट विषय अध्ययन गरेपछि वाध्यता समेत हटेको बताउँदै प्रिन्सिपल बस्नेतले भने- 'विद्यार्थीको रोजाइमा बिर्तामोडमा नै प्राविधिक विषय अध्ययन-अध्यापन हुने वातावरण सृजना हुनु बिद्यार्थीका लागि मात्र नभई अभिभावकका लागि पनि खुशीको विषय हो।'

बिएचएम् र वीआईटी विषय अध्ययन गर्नका लागि विद्यार्थीले जुनसुकै संकायबाट पनि प्लस टु गरेको हुनुपर्छ- प्रिन्सिपल बस्नेतले भने - वीएचएम् कोर्ष चार वर्ष र बिआईटी कोर्ष तीन वर्ष रहेको छ। लिङ्कन युनिभर्सिटी मलेशियाको हायर एजुकेशन एण्ड मलेसियन क्वालिफाइड एजेन्सीबाट मान्यता प्राप्त प्राइभेट विश्व विद्यालय हो। यो विश्व विद्यालयबाट मान्यता प्राप्त बाल्मीकि लिङ्कन कलेजमा अध्ययन गरेपश्चात अन्तर्राष्ट्रिय डीभी आउन र त्रिभूवन विश्व विद्यालयबाट पनि प्रमाणपत्र पाउन सहज हुने प्रिन्सिपल वस्नेतको भनाइ छ।

# प्याब्सनको प्रदेश भेला

**झिलझिले चैत ४।** कोभिड १९ले थलिएका संस्थागत विद्यालयको पुनर्स्थापनका लागि प्याव्सनले नीति तथा कार्यक्रम ल्याएर निजी विद्यालयको मनोभावना उच्च बनाउने प्याब्सनका केन्द्रीय अध्यक्ष टीकाराम पुरीले बताएका छन्।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन)को १ नम्बर भेलालाई सम्बोधन गर्दै केन्द्रीय अध्यक्ष पुरीले केन्द्रले कोभिडका कारण बन्द भएका निजी विद्यालय, शिक्षक, कर्मचारी र विद्यार्थीको मनोभावनालाई सम्बोधन हुने खालको कार्यक्रम ल्याउने तयारी गरेको बताए। उनले भने- शिक्षा क्षेत्रमा लगानी गरेका शिक्षा क्षेत्रका उद्यमी निराश नहुनुहोस्।

सरकारसँग कोभिडले पुर्‍याएको क्षतिका बारेमा केन्द्रीय समितिले पटक-पटक कुरा गरिरहेको छ- उनले भने- परिणाम पोजेटिभ आउनेमा हामी ढुक्क छौं। तीन तहकै सरकारसँग कार्यगत एकता गर्दै प्याव्सनले परिणाममुखी कार्यक्रम अघि बढाएर शिक्षा क्षेत्रमा लगानी गरेका उद्यमीको लगानी डुब्न नदिन केन्द्रीय समितिको सरकारसँग छलफल भइरहेको उनले बताए।

प्याब्सनको केन्द्रदेखि पालिकासम्म रहेका संरचनालाई एउटै पानमा गाभिनुपर्ने भेलामा जोड दिइएको थियो। जहाँ कारोबार छ, राज्य पक्षले त्यहीको अभिलेख राखी सोको प्रतिवेदन केन्द्रलाई बुझाएर कर संकलन गर्न सरकारलाई आग्रह गरिएको छ। यसअघि तीन तहकै प्याव्सनको पान नम्बरबाट अलग-अलग काम कार्वाही हुँदै आएको छ। भेलामा प्याव्सनको बिगत तथा वर्तमानको नीति तथा कार्यक्रम प्रस्तुत गरिएको थियो भने शिक्षाका नीति, ऐन र कार्यक्रमका बारेमा पनि दफाबार छलफल भएको थियो।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन)को १ नम्बर प्रदेशका अध्यक्ष युवराज वशिष्ठको अध्यक्षतामा भएको भेलामा उपाध्यक्ष नारायण प्रसाद घिमिरे, केन्द्रका सह अध्यक्ष डिके ढुँगाना, केन्द्रीय महासचिव कुमार घिमिरे, कोषाध्यक्ष सन्तोषमणि न्यौपाने लगायतले मन्तव्य राखेका थिए। प्रदेशका सचिव सुमित थापाले सञ्चालन गरको कार्यक्रममा स्वागत मन्तव्य बरिष्ठ उपाध्यक्ष टीकाराम ढकालले गरेको प्याव्सनका १ नम्बर प्रदेश उपाध्यक्ष मिलन ढुंगानाले जानकारी दिए।

झापाको पाडाजुँगीमा भएको भेलामा १ नम्बर प्रदेशका प्याव्सनका महाधिवेशन प्रतिनिधि, नगर अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष र १४ जिल्लाका सबै कार्यसमिति गरी ३२२ जना सहभागी थिए।

### जमिन ...

जारी मिति छैन, त्यसैले ढड्डाकै आधारमा चौहानलाई नागरिकता दिन मिल्दैन।' 'नागरिकता लिन पुरानो प्रमाण देखाउनु पर्छ, त्यसैले वडा कार्यालयको प्रतिलिपि सिफारिसको आधारमा प्रशासनले नागरिकता जारी गर्दैन- उनले भने- 'वडा कार्यालयले पनि सिफारिस नदिँदा हुन्छ'- त्यस्तो परेमा प्रशासन कार्यालयसँग समन्वय गर्न उनले वडाध्यक्ष कार्कीलाई जानकारी गराइसकेका छन्।

यता चौहानका दाजु एलबी क्षेत्री (चौहान) भद्रपुर-६ निवासी हुन्। उनले भद्रपुर-१ बाट नागरिकता लिएका थिए। उनको मृत्यु भइसकेको छ। परिवारका सदस्य पनि कोही छैनन्। अहिले चौहान माइँला भाइ भन्दै नागरिकता बनाउन आएका हुन्। तर चौहानले नागरिकता बनाएपछि दाजुको करोडौंको सम्पत्ति हडप्ने उनको योजना हो। ती योजनामा केही युवा समूह पनि खुलेर लागेको स्थानीय स्रोतको दाबी छ।

### प्रदेशका ...

निर्णय गर्नाका साथै आगामी वैशाख १६ देखि २२ गतेसम्म जनगणना सुपरीवेक्षकको तालिम गरी वैशाख २६ देखि जेठ १४ गतेसम्म सूचीकरणको काम गर्ने र आगामी जेठ २५ देखि असार ८ गतेसम्म गणकले घरघरमा गएर गणना गर्ने निर्णय गरिएको प्रमुख बराललेे जानकारी दिए।

प्रमुख जिल्ला अधिकारी निरौलाले जनगणनाका लागि आवश्यक पर्ने सबै किसिमको सुरक्षाको तयारी भइसकेको बताए। मोरङमा १५० सुपरीवेक्षक र ५९० गणक नियुक्त गरिएको प्रमुख बरालले बताए।

### जंगली ...

१ सिस्ने बस्ने १९ वर्षीय मिलन कार्की ढोली पनि घाइते भएका थिए। उनको सामान्यावस्था रहेको र बुधबारेस्थित लिभिङ होम पोलिक्लिनिकमा उपचार भइरहेको छ। उनीहरु दुवै ट्याक्टर मजदुर हुन्।


**बिर्तामोड उद्योग वाणिज्य संघ**

**निर्वाचन समिति-२०७७को**

**सूचना ! सूचना !! सूचना !!!**

मितिः २०७७।१२।०४

बिर्तामोड उद्योग वाणिज्य संघ झापाको मिति २०७७।१२।०४को च.नं. ७८/०७७/०७८को पत्र अनुसार नवनिर्वाचित कार्य समितिको पद हस्तान्तरण कार्यक्रम नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष **श्री चन्द्रप्रसाद ढकाल**ज्यूको प्रमुख आतिथ्यमा निम्न मिति, समय र स्थानमा हुने जानकारी गराउँदै विजयी उम्मेदवारलाई प्रमाणपत्र ग्रहण गर्न उपस्थित भइदिनुहुन हार्दिक अनुरोध गरिन्छ ।

**कार्यक्रम**

मितिः- २०७७ चैत्र ६ गते शुक्रबार

समयः- दिनको ११:०० बजे

स्थानः- अतिथि सदन, बिर्तामोड

**शेखर प्रसाद ढकालः प्रमुख निर्वाचन अधिकृत**



**श्री धुलावारी खानेपानी उपभोक्ता समिति**

मेचीनगर-६, धुलावारी, झापाको

**साधारणसभामा उपस्थित हुन बारेको सूचना**

यस समितिको २०औं बार्षिक साधारणसभा तपशिल बमोजिमको कार्यक्रमसहित निम्न मिति, समय र स्थानमा सम्पन्न हुने भएको हुँदा उक्त अवसरमा अनिवार्य उपस्थितिको निम्ति सविनय अनुरोध गर्दछौं।

**कार्यक्रम**

**समुद्घाटन समारोह**

मितिः २०७७ चैत ९ गते सोमवार समयः विहान १०:३० बजेदेखि

स्थानः पासाङ ल्हामू स्मृति जेसीज प्रतिष्ठान, धुलावारी (टाउन हल), झापा



**बिर्ता (सेफ्टी तथा ढल सफाई)**

बिर्तामोड, झापा



(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ॥

पूर्वाञ्चलकै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।

भूपाल बुढाथोकी

023-545402

9825952677

9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।



**हार्दिक निमन्त्रणा**

**बिर्तामोड उद्योग वाणिज्य संघ झापाका नवनिर्वाचित कार्य समितिलाई पद हस्तान्तरण कार्यक्रम नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष श्री चन्द्रप्रसाद ढकाल**ज्यूको प्रमुख आतिथ्यमा निम्न मिति, समय र स्थानमा हुने भएको हुनाले उक्त कार्यक्रममा अनिवार्य सहभागिताका लागि उद्योगीव्यवसायीहरुमा हार्दिक अनुरोध गरिन्छ।

**कार्यक्रम**

मितिः- २०७७ चैत्र ६ गते शुक्रबार

समयः- दिनको ११:०० बजे

स्थानः- अतिथि सदन, बिर्तामोड

**कुमार भट्टराईः अध्यक्ष**

**बिर्तामोड उद्योग वाणिज्य संघ**

**झापा**



**प्रेस विज्ञप्ति**

मितिः २०७७/१२/०४

मिति २०७७ साल चैत्र ४ गते लोकतान्त्रिक व्यवसायिक प्यानलको निर्वाचन परिचालन तथा प्रचारप्रसार समितिको नामबाट पूर्वाञ्चल दैनिकमा प्रकाशित बधाई तथा बिर्तामोड उद्योग वाणिज्य संघको नवनिर्वाचित समितिलाई पद हस्तान्तरण कार्यक्रम सम्बन्धमा प्रकाशित विज्ञप्तिप्रति हामी तपशिलका बिर्तामोड उद्योग वाणिज्य संघको विभिन्न पदमा रहेका पदाधिकारी तथा सदस्यहरुको गम्भीर ध्यानाकर्षण भएको छ।

प्रस्तुत विषयमा विर्तामोड उद्योग वाणिज्य संघको नवनिर्वाचित कार्यसमितिलाई पद हस्तान्तरण लगायतका विविध विषयमा निर्णय गर्न मिति २०७७/१२/०१ गते कार्य समितिको बैठक संघको कार्यालयमा बसेकोमा सो बैठकमा कुनै पनि विषयमा निर्णय हुन नसकेको तथा संघका बर्तमान अध्यक्षले आर्थिक प्रतिवेदन पारित भएको तथा २०७७/१२/०६ गते पद हस्तान्तरण कार्यक्रम हुने एकतर्फी रुपमा जानकारी गराउँदा बहुमत सदस्यहरुको बिरोध भएपछि अध्यक्षले बाध्य भई बैठक स्थगित गर्नु भएको जानकारी गराउँदछौं। त्यसपछि सोही प्रयोजनका लागि संघका महासचिव भेषराज भण्डारीसंग कुनै सल्लाह र परामर्श नगरी संघका अध्यक्ष श्री कुमार भट्टराईको ठाडो आदेशमा मिति २०७७/१२/४ गते बिहान ११ बजे कार्य समितिको बैठक बोलाइएकोमा सो बैठकमा समेत बहुमत सदस्यहरुको उपस्थिति हुन नसक्दा कुनै पनि विषयमा निर्णय हुन नसकेको साथै अरु बेला कार्यालय सचिवसंग रहने माइन्यूट बुक अध्यक्षले आफ्नो नियन्त्रणमा राखेको समेत जानकारी गराउन चाहन्छौं।

प्रचलित विधि, विधान र प्रकृयालाई हालसम्म निरन्तरता दिँदै आएको एक विशुद्ध व्यवसायिक संस्थाको पद हस्तान्तरण गर्दा हालसम्मको आर्थिक हरहिसाब, चुस्तदुरुस्त राखी बाँकीबक्यौता तथा दायित्वहरुलाई समेत पारदर्शी रुपमा नव निर्वाचित समितिलाई हस्तान्तरण गर्नुपर्नेमा कुनै विधि प्रकृया पूरा नगरी हाल सम्मको आर्थिक हिसाबकिताब पारित नगरी अपारदर्शी रुपमा कार्य समितिको निर्णय बिना नै तय गरिएको पद हस्तान्तरण कार्यक्रमप्रति हाम्रो सहमति नरहेको हुनाले हामी उपस्थित हुन नसक्ने जानकारी गराउँदै सो कार्यक्रमको घोर विरोध गर्दछौं। साथै विधि र प्रकृया पुर्‍याई गरिने संस्थाका सबै कार्यक्रम र गतिबिधिहरुमा हाम्रो सदैब साथ सहयोग र समर्थन रहने कुरा समेत यसै विज्ञप्तिमार्फत जानकारी गराउँदछौं।

**बलराम कार्की** नि.अध्यक्ष — **नारायण प्र. चिमरिया** वाणिज्य उपाध्यक्ष — **पार्वता खरेल बिमली** जनसम्पर्क उपाध्यक्ष

**भेषराज भण्डारी(प्रशान्त)** महासचिब — **रबिन्द्र भट्टराई** उद्योग सचिब — **प्रकाश घिमिरे** वाणिज्य सचिव

**राजकुमार घिमिरे** सदस्य — **राजु सापकोटा** सदस्य — **खगेन्द्र खरेल** सदस्य

**गौरि शंकर गुप्ता(टिंकु)** सदस्य — **उर्मिला बिमली खरेल** सदस्य



प्रदेश सरकार

**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**

कृषि विकास निर्देशनालय

**कृषि ज्ञान केन्द्र**

भद्रपुर, झापा (प्रदेश नं. १, नेपाल) प्रथमपटक प्रकाशित मितिः २०७७।१२।०५

**प्रस्ताव आव्हानको सूचना**

यस कृषि ज्ञान केन्द्र झापाको आ.व. २०७७।०७८को स्वीकृत बार्षिक कार्यक्रम अनुसार 'बाली विकास तथा जैविक विविधता संरक्षण कार्यक्रम सञ्चालन प्रक्रिया २०७७' बमोजिमका शर्तहरुमा रही देहाय बमोजिमका कार्यक्रमहरु कार्यान्वयनका लागि झापा जिल्ला अन्तर्गतका तपशिल अनुसारका स्थानीय तहका तोकिएका वडाहरुबाट इच्छुक कृषक/कृषक समूह/कृषि सहकारी/सामुदायिक वीऊ बैंक व्यवस्थापन समिति/कृषि उद्यमी/कम्पनीहरुबाट यो सूचना प्रकाशित भएको मितिले ११ दिनभित्र (२०७७।१२।१५ गतेसम्म) कार्यालय समयमा प्रस्ताव दर्ता गर्नुहुन आव्हान गरिन्छ। साथै रित नपुगेका वा म्याद नाघी आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यवहोरा जानकारी गराइन्छ। थप जानकारीका लागि कृषि ज्ञान केन्द्र, भद्रपुर झापाको फोन नं. ०२३-४५५०५६, ०२३-४५५५४६मा कार्यालय समयभित्र सम्पर्क राख्नु हुन साथै 'बाली विकास तथा जैविक विविधता संरक्षण प्रक्रिया-२०७७' डाउनलोड गरी जानकारी लिन सक्नु हुनेछ।

मितिः २०७७।१२।०५

**तपशिल**

| क्र.सं. | सञ्चालन हुने कार्यक्रमको विवरण | बाली | कार्यक्षेत्र | सञ्चालन हुने वडा नं | कैफियत |
|---|---|---|---|---|---|
| १. | धान उत्पादन प्रबर्द्धन कार्यक्रम | धान | शिवसताक्षी न.पा. | २, ३, ४, ७, ८, ९, १० | कलष्टर १००० हेक्टरको हुनुपर्नेछ। सोही बमोजिम एउटा उत्पादन ब्लकको क्षेत्रफल न्यूनतम् २० हेक्टर हुनुपर्नेछ । |
| | | | गौरादह न.पा. | ८, ९ | |
| | | | कमल गा.पा. | १, ४, ७ | |
| २. | मकै उत्पादन प्रबर्द्धन कार्यक्रम | मकै | बाह्रदशी गा.पा. | ३, ४, ५, ६, ७ | कलष्टर ५०० हेक्टरको हुनुपर्नेछ। सोही बमोजिम एउटा उत्पादन ब्लकको क्षेत्रफल न्यूनतम् २० हेक्टर हुनुपर्नेछ । |
| | | | झापा गा.पा. | गा.पा. सबै वडा | |

**निवेदन तथा पेश गर्नुपर्ने कागजातहरुः**

१) रु. १०को हुलाक टिकट टाँस गरी आवेदन प्रस्तावना।

२) सम्बन्धित निकायमा कृषक/कृषक समूह/कृषि सहकारी/सामाजिक वीऊ बैंक व्यवस्थापन समिति/उपभोक्ता समिति/ सामाजिक उद्यमी/कम्पनी दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि।

३) समूह/संस्थाको PAN वा VAT प्रमाणपत्रको प्रतिलिपि।

४) सम्बन्धित समूह/संस्था/फर्मको हकमा गत आ.व. २०७६।०७७को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र आ.व. २०७६।०७७ को लेखा परीक्षणको प्रमाणित प्रतिलिपि।

५) सम्बन्धित स्थानीय तहको कृषि विकास शाखा र वडा कार्यालयको सिफारिस।

६) कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने जग्गा धनीपूर्जा र जग्गाधनीको नागरिकता वा भाडाको जग्गा खेती भएमा कम्तीमा २ बर्ष र स्थानीय संरचनाको लागि कम्तीमा १० बर्षको सम्झौतानामा।

७) बैठकको निर्णय प्रतिलिपि र आवेदकले दोहोरो पर्ने गरी यसै कार्यकालागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वघोषणा पत्र।

८) बाली विकास तथा जैविक विविधता संरक्षण प्रक्रिया २०७७ बमोजिम तथा माग गरिएका आवश्यक कागजातहरु पूर्णता

**नील कमल सिंहः कार्यालय प्रमुख**



**श्री कनकाई माध्यमिक विद्यालय**

कनकाई नगरपालिका-३, सुरुङ्गा (झापा)

**इन्टरयाक्टिभ प्यानल बोर्ड र स्मार्ट टीभी आपूर्तिका लागि शिलबन्दी दरभाउपत्र पेश गर्ने सूचना**

प्रथमपटक प्रकाशित मिति २०७७।१२।०४

सामाजिक विकास मन्त्रलाय प्रदेश नं. १ को विद्यालयलाई सूचना प्रविधिमैत्री बनाउने उद्देश्यसहित सञ्चालित कार्यक्रम अन्तर्गत आ.व. २०७७/०७८ का लागि यस विद्यालयले तपसिल बमोजिमका सामग्री देहायको संख्यामा खरिद गर्नुपर्ने भएकाले तोकिएको मिति र समयभित्र शिलबन्दी कोटेसन पेश गर्नुहुन इच्छुक फर्म वा संस्थालाई अनुरोध छ। यो सूचना विद्यालयको वेभसाइट www.kanakai.edu.npवा फेसबुक Kanakai Edu मा पनि हेर्न सकिनेछ।

**तपसिल**

| क्र.सं. | सामग्री | थान |
|---|---|---|
| १. | इन्टरयाक्टिभ प्यानल बोर्ड सेट | १ |
| २. | स्मार्ट टीभी सेट | २ |

छनोट र खरिद सम्बन्धी सम्पूर्ण अधिकार विद्यालय व्यवस्थापन समितिमा रहनेछ।

**आवश्यक कागजात तथा शर्त :**

१. आ.व. २०७६/०७७ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि

२. कम्पनी वा फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि

३. आवेदन दस्तुर : रु. १०००/- विद्यालयको लेखा शाखामा नगद बुझाउने वा नेपाल बैंक लिमिटेड सुरुङ्गा शाखाको च.हि.नं. 1470010095198900001 मा रकम जम्मा गरी भौचर पेश गर्नुपर्नेछ।

४. छनोट भएको मितिले २१ दिनभित्रमा सामग्री विद्यालयमा उपलब्ध गराउनुपर्नेछ।

५. शिलबन्दी कोटेशन पेश गर्ने अन्तिम मिति : २०७७ साल चैत्र १३ गते दिनको २:०० बजेसम्म।

६. कोटेसन खोल्ने मिति : २०७७ साल चैत्र १३ गते दिनको २:३० बजे।

७. भौतिक रुपमा उपस्थित हुन नसकेमा सम्पूर्ण कागजातसहित विद्यालयको इमेल ठेगाना kanakaihss@gmail.com मा इमेल गरी सो को जानकारी विद्यालयमा गराउन सकिनेछ।

**थप जानकारीका लागि : ०२३-५५०१२५/९८५२६५०१२५**

**कर्णबहादुर डाँगीः प्रधानाध्यापक**


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

## सीमानाकाको व्यवस्थापन

**जल यातायातको पहुँच नहुनु नेपालीका लागि दुर्भाग्य जस्तै भएको छ । नेपालको चारै दिशा जमिनद्वारा घेरिएका कारण जलमार्गको सम्भावना कल्पनातीत सपना मात्रै हो । यद्यपि सरकार प्रमुखले नेपाली झण्डा बोकेको पानीजहाजको मीठो सपना जनतालाई बाँडेको धेरै भयो, तर जल होइन स्थल यातायातका मार्ग पनि विगत वर्ष दिनदेखि बन्द हुँदा त्यसलाई खोल्ने, सुचारु, सहज र व्यवस्थित गर्नेतर्फ सरकारको ध्यान गएकै छैन । गएको वर्षको चैतको दोस्रो हप्तादेखि कारोना भाइरसको प्रवेश रोक्न भन्दै गरेको सीमा बन्द भएको वर्ष दिन पुग्यो । यसबीचमा उपभोग्य वस्तु मात्र होइन मानिसको आवागमन असहजताकाबीच भइरहेको छ । सरकारले धेरैजसो सीमानाका खुल्ला गरिसकेको छ, तर पूर्व–पश्चिम महेन्द्र राजमार्गले जोड्ने पूर्वीनाका काँकरभिट्टा भने अझै खुल्ला गरिएको छैन ।**

**नेपाली आर्थिक, सामाजिक, सांस्कृतिक जीवन भारतसँग अन्योन्याश्रित जस्तै भइसकेको छ । यो सम्बन्ध आजको पुस्ता वा सरकारले जोडेको भने होइन । परापूर्वकाल अर्थात् लिच्छवीकाल र त्यसअघि किरातकालमा समेत नेपाल र भारतीबीच सबै प्रकारको सम्बन्ध कायम थियो भने सन् १९५० मा दुई देशबीच भएको मैत्रीसन्धिले सम्बन्धलाई औपचारिक र वैधानिक बनाएको थियो । त्यसयता यी दुई देशबीच व्यापारिक सम्बन्धले थप प्रगाढता ल्याएकै हो र नवीन सम्भावनाको खोजी पनि गराएकै थियो । तर, गत वर्ष शुरु भएको कोरोना महामारीका कारण आवागमन बन्द गर्ने उद्देश्यले चीन र भारतसँग सीमा जोडिएका मूल मार्गहरु बन्द गरिए । तिनमा केही मुख्य नाका आजसम्म बन्द छन् । जसका कारण खासगरी नेपालतर्फका सीमावर्ती बस्ती, बजार र शहरहरुको जनजीवन प्रभावित भए जो आज पनि यथावत छ ।**

**सरकारले अत्यन्त निकट र हितैषी भनेको चीनले आफ्नो सीमानाका अहिले पनि पूर्णरुपले सुचारु गरेको छैन । नेपाल बाहेकका विश्वबजारमा प्रभाव विस्तार र व्यापारिक गतिविधि बिना अवरोध सुचारु गरिरहेको चीनले नेपालको मुख्य नाकामात्र होइन पूर्वी नेपालको हिमाली जिल्ला ताप्लेजुङस्थित ओलाङ्चुङ्गोला सीमानाका सोह्र महिनादेखि बन्द राखेको छ । त्यस्तै टिप्ताला नाका पनि कोरोनाकै जोखिम देखाउँदै बन्द गरियो । अत्यन्त विकट ग्रामीण क्षेत्रका नेपालीको दैनिक उपभोग्य वस्तु प्राप्त गर्ने र पहुँच भएको चिनियाँ बजार बन्द हुँदा याङ्मा, थुदाम, ओलाङ्चुङ्गोला र तोप्केगोलाबासी नेपालीको जीवन कष्टकर बन्दै गएको छ । तर, सरकार जनताको कष्टप्रति गम्भीर भएको देखिँदैन । नाका बन्द हुँदा याङ्मा, घुन्सा, फले समेतका बासिन्दाले आफ्नो उत्पादन बेच्न र उपभोग्य वस्तु खरिद गर्न समस्या व्यहोर्नु परेको छ । तराईकै झापाको काँकरभिट्टा नाका पनि सहज नहुँदा निम्न तथा मध्यवर्गीय सीमा क्षेत्रबासी नेपालीको जीवन कष्टकर भइरहेको छ । जनप्रतिनिधि भनिने सरकारको जनताको जीवनसँग जोडिएका यस्ता समस्याको समाधानमा मुख्य अग्रसरता देखिनुपर्छ । अन्यथा जनप्रतिनिधि हुनुको अर्थ रहँदैन ।**

सामाजिक सञ्जाल



मेलम्चीको पानी काठमाडौं ल्याउन २७ वर्ष लाग्यो । सयौं आयोजनाहरु बिचमै अलपत्र परिरहेका छन् । किनकि एउटा काम सम्पन्न नगर्ने ठेकेदारलाई कमिशन कै लागि शासक/प्रशासकहरुले दर्जनौं नयाँ ठेक्का दिने प्रबृत्ति गलत छ । पुरानो काम सम्पन्न नगर्नेलाई नयाँ ठेक्का नदिने हो भने धेरै सुधार हुन्छ है ।

**– धनराज गुरुङ**



टिभी हेर्दा थाह भयो, पारपचुके गरेका जोडीभन्दा पनि सम्बन्ध बिग्रेका नेताहरु आक्रामक हुँदा रहेछन् एकअर्का प्रति !

**– सुनिल पोखरेल**



राष्ट्रको सर्वोच्च संस्थाबाट पदीय हैसियतको यति धेरै दुरुपयोग र यति धेरै गुटीय चलखेल अन्यत्र देशमा बिरलै भेटिएला ।

**– डा. विजय पौडेल**

# जलवायु परिवर्तन
## हिमाली पर्यावरण र वन डढेलो



**तुलसीराम खरेल**

पानी पर्नु, बादल लाग्नु, हुस्सु लाग्नु, हुरिबतास चल्नु, गर्मी हुनु, हिउँदमा जाडो हुनु आदिलाई मौसमी अवस्थाको परिवर्तन भनिन्छ। यस्तो मौसममा हुने परिवर्तन छोटो-छोटो समयमा भइरहेको हुन्छ। एकै दिनमा समेत अलग-अलग मौसमको अनुभव गर्न सकिन्छ। मौसमको सालाखाला अवस्थालाई जलवायु भनिन्छ। प्राकृतिक रुपमा पनि जलवायुमा परिवर्तन हुन्छ। लगभग तीस बर्षको अवधिमा देखिने गरेको समग्र मौसमको औसत अवस्थालाई जलवायु भनिन्छ।

लामो समयान्तरमा जलवायुमा आएको परिवर्तनको अवस्थालाई जलवायु परिवर्तन भन्न सकिन्छ। प्राकृतिकभन्दा पनि अधिक मानवीय कारणहरुले जलवायु परिवर्तनको दरलाई प्रभावित पारिरहेको हुन्छ। त्यसकारण अहिले आएर छोटो समयसीमाभित्र नै जलवायुमा परिवर्तन हुने अवस्था सृजना भएको छ। यो अत्यन्त गम्भीर अवस्था हो। किनभने जलवायु परिवर्तनको कारण जे-जस्तो भए पनि असरहरु भने विश्वव्यापी हुन्छन्।

अहिले देखापरेका विभिन्न वातावरणीय जोखिम तथा परिवर्तनहरु जलवायु परिवर्तनले हो वा होइन भन्नेबारे धेरैखाले भ्रम समेत उब्जन थालेको देखिन्छ। अनुसन्धानबिना नै जेसुकै कुरालाई जलवायु परिवर्तनको असर भन्ने चलन समेत चल्न थालेको छ। निश्चितरूपमा यसका असर बहुआयामिक प्रकारका हुन्छन्। प्राथमिक एवम् द्वितीय प्रकारका असरबारे जानकारी समेत नहुनुले भ्रमित बनाउन मद्दत गरेको देखिन्छ। यस आलेखमा अहिले विश्वव्यापी बन्दै गएको वन डढेलो जलवायु परिवर्तन कै कारणले हो भन्ने केही प्रमाणहरुलाई उजागर गर्न खोजिएको छ।

जलवायु परिवर्तनको असर अन्य स्थानहरु भन्दा हिमाली क्षेत्रमा व्यापक देखिएको छ। तापक्रमको वृद्धि पर्वतीय मुलुकहरूमा मै बढी छ। यसपालीको हिउँदमा नेपालका सेता हिमालहरुलाई आगोका राता ज्वालाका लप्काले छोपे। पृथ्वीको तेस्रो ध्रुव तथा पानीको भण्डार भनेर चिनिने हिमाली क्षेत्र अहिले जलवायु परिवर्तनको चपेटामा परेको छ। जलवायु परिवर्तनको कारण यतिबेलाको हिउँदमा लामो खडेरी हुन थालेको छ। सुक्खा खडेरीका कारण जङ्गल पनि सुक्खा बन्न पुग्दछ। जङ्गलमा रहेका फ्रुटिकोस तथा फोलिओज



झ्याउहरुले बतास चलेको बेलामा सजिलै आगो सल्काउन मद्दत गर्दछन्। खोटे सल्लो अर्को आगो सल्केपछि हत्तपत्त निभ्न नदिने वनस्पति हो। यो वनस्पति नेपालको भित्री मधेस, पहाड तथा निम्न हिमाली प्रदेशसम्म उपलब्ध छ। अन्य आगोसँग सम्वेदनशील वनस्पतिको या मानवीय त्रुटीका कारण आगलागी हुनसक्छ।

यसपटक हामीले धेरै डढेलोका खबरहरु सुन्नुपरेको छ। यसपाली पूर्वी पहाडको ताप्लेजुङका कतिपय स्थानहरुमा वन डढेलो लागेको सुनिरहेका छौं। पाथीभरा मन्दिर परिसरमा लागेको वन डढेलोको नियन्त्रण निकै चुनौतिपूर्ण भयो। ताप्लेजुङका खेबाङ पेदाङ जस्ता स्थानहरुका मानिसहरू आ-आफ्ना घरहरू जोगाउन पनि निक्कै कसरत गर्नुपर्‍यो। त्यस्तै देशका मनाङ लगायतका स्थानहरूमा समेत यस्ता घटनाहरु सुनिए। वन डढेलो लगाएर घाँस उमार्न मद्दत पुग्छ या उत्पादन राम्रो हुन्छ भनेर पनि जानाजानी आगो लगाउने कार्य गरिन्छ र नराम्रो परिणामको सामना गर्न बाध्य होइन्छ। वन डढेलो लगाएपछि हिंस्रक जंगली जनावर पनि नजिकमा आउँदैनन् भन्ने मान्यता समेत रहेको छ। प्राकृतिक रुपमा चट्याङको कारण समेत आगलागी हुने गरेको छ। जल्ने पदार्थ, जलाउने आगो तथा अक्सिजनको त्रिकोणात्मक सम्बन्धबाट आगजनी हुन्छ।

जलवायु परिवर्तनको कारण तापक्रममा वृद्धि हुन्छ र जङ्गलमा झरेका पातहरु सुकेर खन्खार हुन्छन्। कुनै कारण आगो सल्किएपछि पातले तुरुन्तै आगो टिप्छन् र आगलागी हुन्छ। प्रदेश सरकारको उद्योग पर्यटन तथा वातावरण मन्त्रालयले तयार पारेको वन नीतिमा समेत वन डढेलो तथा यसको अध्ययन अनुसन्धानले स्थान पाउन नसक्ने अवस्था संघीय नेपालको लागि पक्कै सुहाउँदो कुरो भने होइन। नेपालमात्र होइन विश्वका अन्य स्थानहरूमा समेत डढेलोको अवस्थामा बढोत्तरी भइरहेको छ। गत वर्ष अस्ट्रेलियाको आगलागी, उत्तरी अमेरिकाका कतिपय स्थानहरुका अवस्थाहरुलाई आधारमान्दा यो समस्या गत दशकहरुमा भन्दा वृद्धि भएको छ।

वन डढेलो अर्थात् (फोरेस्ट फायर)बारे विश्वमा धेरै अनुसन्धान भएका छन्। नेपालमा भने यसको क्षेत्रमा खासै अनुसन्धान कार्य भएका छैनन्। चट्टाने पहाडमा यसले पारेको असरबारे भेबलेनले सन् १९९४ र काइले सन् २००८ मा अनुसन्धान गरेका छन्। सबैभन्दा ठूलो असर किरा तथा जंगली शाकाहारी जनावरलाई हुने बताइएको छ। आर्थोपोडा फाइलममा पर्ने जीवहरु बढी अप्ठ्यारोमा पर्नेगरेका प्रमाणहरु प्राप्त भएका छन्। जिनानबाङ टेक्सास ए एण्ड एम विश्वबिद्यालयको डिपार्टमेन्ट अफ इकोसिस्टम साइन्स एण्ड मेनेजमेन्टले गरेको अध्ययन, फेङ चेनले उत्तरी चीनमा गरेको अनुसन्धान, चार्ल्स इखोकुले उत्तरी सहारा क्षेत्रमा गरेको अनुसन्धान, नान्सी फ्रेन्चले वाइल्ड फायर र फोरेस्ट इकोसिस्टमबीचको सम्बन्धबारे गरेका अनुसन्धानहरुलाई यस क्षेत्रका लेटेस्त अध्ययनहरु मानिएका छन्।

सन् २०२० मा 'जर्नल अफ टुरिज्म एड्भेन्चरर्स' मा प्रकाशित जीवनमणि पौडेलको ह्युमन डाइमेन्सन अफ क्लाइमेट चेन्ज भन्ने लेखले नेपालको मनाङ जिल्लाको डरलाग्दो अवस्थाको चित्र अगाडि सारिदिएको छ। विगत ३५ बर्षयताको तापमानको अवस्था हेर्दा सरदर ०.३४ डिग्री सेल्सीअमले बार्षिक तापक्रममा वृद्धि भएको देखिएको छ। यो पर्वतीय क्षेत्रको लागी भयावह अवस्था हो। यसले पर्वतीय क्षेत्रमा तापक्रम वृद्धि तथा आगलागीबीचको अन्तरसम्बन्ध समेत प्रष्ट पारेको छ।

*tulasikharel1973gmail.com*

# जीवन एक - जिउने कला अनेक



**उदय मैनाली**

वातावरण, परिवेश, तत्कालीन सामाजिक र पारिवारिक अवस्था, शरीरभित्रका भिन्नभिन्न जैविक रसायन तथा आनुवंसिकी समेतले मानिसको चेतना र व्यक्तित्व निर्माण प्रभावित हुन्छ। परिवार र समाजका घटनाले पनि व्यक्तिको व्यक्तित्व निर्माणमा प्रभाव पार्छ। यसका साथै व्यक्तिको रुची अनुसार क्षमता अभिवृद्धि गर्न उसले गर्ने प्रयत्नबाट व्यक्तिले आफूलाई विकसित गर्छ। मानिस अन्तरमुखी, बहिर्मुखी र कुनै मानिस असाधारण क्षमतायुक्त बहुप्रतिभाशाली तथा चमत्कारिक व्यक्तित्व भएका हुन्छन्। हरेक मानिसका फरक-फरक इच्छा, आकांक्षा र रुची हुन्छन्। त्यही भिन्न रुची र स्वभाव अन्तर्गत मानिसले गरेको सिर्जनाले नै आजको विश्व यो अवस्थामा आइपुगेको हो। विविध रंगीचंगी फूल फुलेको फूलबारी सुन्दर देखिए जस्तै विविधतायुक्त मानव सिर्जनामा नै संसारको सुन्दरता भरिएको छ।

त्यसैले सबै मानिसबाट एउटै किसिमको अपेक्षा राख्नु उपयुक्त हुँदैन। केही अपवाद छाडेर हरेक व्यक्तिको चाहना समाज वा अरू मानिसले आफूलाई राम्रो भनोस् भन्ने नै हुन्छ। प्रशंसित भएको सुन्न कसलाई मन नपर्दो हो र! व्यक्ति स्वयम्को वा व्यक्तिले गरेका कार्यको प्रशंसा गरिदिँदा सम्बन्धित व्यक्तिका नजिकका नातेदार, समर्थक त खुशी हुन्छन् भने झन् व्यक्ति नै त कति आनन्दित प्रफुल्लित होला। कसैले नराम्रोभन्दा दुःख लाग्ने र राम्रो भनि दिँदा खुशी हुने, सबैको आफ्नै अनुभूति होला, हुन्छ नै। जीवित अवस्थामा मात्र नभएर मृत्युपछि पनि सम्झिउन् भन्ने चाहना हुन्छ।

**नेपाली समाजको चित्रण**

वर्तमान नेपाली समाज दोधारे प्रवृत्ति र विरोधाभाषपूर्ण प्रकृतिको रहेको छ। यहाँ को कस्तो ? कुन समाजको चरित्र के ? कुन परिवारको संस्कार के ? ठम्याउनै मुस्किल भएको छ। व्यक्तिदेखि समग्र देशसम्म कसैको वास्तविक चरित्र छुट्याउन नसकिने अवस्था छ। अरुका अगाडि सबै इमान्दार हुन खोज्छन्। तर, इमानको लडाइँमा कोही सहभागी हुनेवाला छैनन्। सार्वजनिक स्थानमा भ्रष्टाचार र सदाचारका लामा-लामा भाषण गर्न पछि नपर्ने महाशय सानो अवसर पाउने बित्तिकै आफैं भ्रष्टाचारमा लिप्त हुन पुग्दछन्। हात्तीको देखाउने दाँत र खाने दाँत अलग हुन्छ भने झैं नेपाली समकालीन समाजको व्यवहार दोधारे र दुई जिब्रे प्रवृत्तिको रहेको छ। पुरातन रुढीवादी व्यवहार छोडे जस्तो पनि गर्ने तर छोड्न नसक्ने, अनि नविनतम् आधुनिकता अपनाउन पनि खोज्ने, तर अपनाउन पनि नसक्ने किसिमको ढुलमुले र विरोधाभाषी समाज हो -नेपाली समाज।

भ्रष्टाचार मौलायो भनेर सार्वजनिक स्थानमा प्रवचन गर्दै हिँड्ने, तर मताधिकारको प्रयोग गर्दा भ्रष्टाचार प्रमाणित भइसकेको व्यक्तिलाई भोट हाली विजयी गराउने समाज हो -नेपाली समाज। समकालीन नेपालीसम्म यतिसम्म पाखण्डी भइसकेको छ की शिक्षा र स्वास्थ्य राज्यको दायित्व हो भन्दै निजीकरणको व्यापक विरोधमा भाषण गर्छ। तर, तिनै निजी विद्यालय र निजी अस्पतालको मालिक हुन दिनरात लागीपर्दछ। हरेका सरकारी कार्यालयको ढोकामा लेखिएको हुन्छ- 'म भ्रष्टाचार गर्दिन र भ्रष्टाचार हुन पनि दिन्न' भनेर ठूला अक्षरले कोरिएको हुन्छ, तर भित्र पस्दा घुस र कमिशन बिना ओल्लो टेबलको फाइलको पल्लो टेबलमा सर्दैन।

देशभरका सोझासाझा जनतालाई बुर्जुवा शिक्षा नपढ्नु भनेर आन्दोलनमा लगाएका टाठाबाठाहरुले आफ्ना छोराछोरी युरोप, अमेरिकाका विश्वविद्यालयमा पढाएका स्वार्थी चरित्र बोकेको समाज हो। जनयुद्धमा खर्च नगरी तडकभडक बिनाको क्रान्तिकारी विवाह गर्नुपर्छ भन्दै सामुहिक विवाह गराउने, तर आफ्ना सन्तानको पाँचतारेमा होटेलमा धुमधामसँग विवाह गर्ने चरित्र बोकेको समाज हो। अरुका अघि स्वदेशको माटो र देशप्रेमको गाथा गाउँदै हिँड्ने र घरभित्र पुग्नासाथ अमेरिकन दूतावासको वेभसाइट खोलेर इ.डि.भी. भर्ने समाज हो। दुनियाँका छोराछोरीलाई मातृभाषा पढाउन उत्प्रेरित गर्ने, वैदेशिक रोजगारीमा खाडी मुलुक गएर दुई-चार पैसा कमाउन हुन्न नत्र देशको विकास हुन्न भन्दै वेरोजगार राख्ने अनि आफ्ना छोराछोरी चाहिँ एसएलसी सक्ने बित्तिकै युरोप, अष्ट्रेलिया र अमेरीका पठाउने पाखण्डी समाज हो।

स्वदेशमा भइन्जेल परिश्रम भनेको केही पनि नगर्ने, डुकुलन्ठक भएर हिँड्ने अनि विदेशको भिसा लाग्ने बित्तिकै संसार नै जिते जस्तो फुँइ लाउँदै पासपोर्ट चेपेर विदेश भाँसिने र त्यहाँ पुगेर नेपालमा बसेकाहरुले देश सखाप पारे, म त्यहाँ भएको भए हाम्रो समाज यस्तो हुन दिन्न थिएँ भनेर सामाजिक सञ्जालमा बुर्कुसी मार्ने दोधारे चरित्र बोकेको समाज हो -नेपाली समाज।



शिक्षामा व्यापक राजनीतिकरण भयो भनेर घण्टौं चिया पसलमा गफ छाट्ने, तर आफू शिक्षक भएर अमूक राजनीतिक दलको झोले बन्ने, म त निष्पक्ष र तटस्थ पत्रकार हो भनेर आवाज उठाउने, तर अमूक राजनीतिक दलको भातृ संगठनको सदस्यता गोजीमा बोक्ने, समाजिक हिंसा, महिला हिंसा, कुरीति, अन्धविश्वास जरैदेखि उखेलेर फाल्ने भन्दै प्रवचन दिने, तर आफैं आफूले लगाएको भित्री वस्त्र श्रीमतीलाई धुन लगाउने, बोक्साबोक्सीको आरोप लगाउने, जातीय विभेद गर्ने दोहोरो चरित्र बोकेको समाज हो -नेपाली समाज। मेरो त एउटी छोरी अष्ट्रेलिया, एउटा छोरा अमेरिका गाको छ, तिम्रो छोराछोरी त नेपालमा बसेर बिग्रिने भए मन्दै छिमेकीलाई लाञ्छना लगाउने, तर आफू बिरामी पर्दा तातोपानी तताउन र अस्पताल लैजानका लागि त्यही छिमेकीको छोराछोरी बोलाउनुपर्दा पनि लाज नमान्ने समाज हो -नेपाली समाज।

फिनल्याण्डमा ३४ वर्षीय युवा सान्ना मरिन्ना प्रधानमन्त्री हुँदा सामाजिक सञ्जाल भरिने गरी बधाई दिँदै नेपालमा कहिले यस्तो अवस्था आउला भनेर चिन्ता प्रकट गर्ने, तर आफ्ना पार्टीका ७० वर्ष पुगेका नेतालाई प्रश्न गर्न नसक्ने समाज हो -नेपाली समाज। मानवअधिकार र सामाजिक न्यायको पक्षमा माइतीघर मण्डलामा दिनभर उफ्रने, तर कुख्यात अपराधीको पक्षमा खुलेआम वकालत गर्न अलिकति पनि नहिच्किचाउने समाज हो -नेपाली समाज। सबै समस्याको जड संस्कारविहीन राजनीति र असक्षम नेतृत्व हो र यसलाई नसुधारी देश विकास हुँदैन भन्दै गर्जने, तर पार्टीले ढुङ्गाको मूर्ति जस्तो व्यक्ति चुनावमा उठाए पनि त्यसैको समर्थनमा मतदान गर्ने बाहुल्य भएको समाज हो। पुँजीवादी दलाल प्रवृत्तिको सकेसम्म विरोध गर्ने, तर आफैं पुँजीपति बन्न चाहने विरोधाभाषी चरित्र भएका मानिसहरु बसोबास भएको समाज हो।

मुखुण्डो ओढेकाभित्र र बाहिर दुई चरित्र बोकेका दोधारे र विरोधाभाषी अवस्थामा गुज्रिरहेको नेपाली समाजमा नेतादेखि क्रेतासम्म, हाकिमदेखि पिउनसम्म, व्यापारीदेखि आम सर्वसाधारणसम्म, कृषक, उपभोक्ता, शिक्षक, विद्यार्थी, पत्रकार, प्राध्यापक, डाक्टर, इञ्जिनियर, विभिन्न पेशाकर्मी, आम नागरिक समग्र समाज नै यही विरोधाभाषी चरित्रबाट गुज्रिरहेको छ। न त यो भाग्यवादी समाज हो न त पुँजीवादी, समकालीन नेपाली समाज आफैंमा गुजुल्टिएको दोधारे र विरोधाभाषी चरित्रसहित विचित्रताभित्र रुमल्लिएको समाज हो।

# सिटौला परिवारमा शोक



**बिर्तामोड, चैत ४।** बिर्तामोड पत्रपत्रिका सेन्टरका सञ्चालक भीमप्रसाद सिटौला र गणपति स्टील एण्ड आल्मुनियम हाउस र गणपति युपीभिसी झ्याल ढोका संसारका सञ्चालक गोपाल सिटौलालाई पितृशोक परेको छ ।

सिटौलाका बुबा देवीप्रसाद सिटौलाको ६५ वर्षको उमेरमा चैत २ गते सोमबार उपचारको क्रममा बीएण्डसी हस्पिटलमा स्वर्गारोहण भएको हो । कनकाई-३ सुरुङ्गा गणपति कम्प्लेक्स निवासी सिटौला मुटु सम्बन्धी समस्याबाट पीडित थिए । स्व.सिटौलाका श्रीमती छलीमाया पाठक सिटौला, दुई जना छोरा-बुहारीहरु भीमप्रसाद-मुना सिटौला, गोपाल-विन्दा सिटौला रहेका छन् । त्यस्तै दुई जना छोरी-ज्वाइँहरु पम्फा-अवि मैनाली, उर्मिला-राम बराल रहेका छन् भने चार जना नाति र छ जना नातिनी रहेका छन् ।

सिटौला सेवा समाज नेपालका आजीवन सदस्य, सिटौला बन्धु समवेदना सरहे कोषका दाता देवीप्रसाद नेकपा एमाले झापा गाउँपालिकाका सक्रिय एवम् पुराना कार्यकर्ता रहेका थिए ।

स्व. सिटौलाको चैत ३ गते मंगलबार कनकाई आर्यघाटमा दाहसंस्कार गरिएको थियो । कनकाई आर्यघाटमा लैजानु अघि स्व. सिटौलाको पार्थिव शरीरमा कनकाई नगरपालिकाका मेयर राजेन्द्रकुमार पोखरेल, नेकपा एमाले कनकाई इञ्चार्ज रवीन्द्र लम्साल, नेकपा एमाले झापा गाउँपालिका इञ्चार्ज गजेन्द्र ताम्ली, भक्त बानियाँ, टीका जमरकट्टेल लगायतले पार्टीको झण्डा ओडाएर श्रद्धाञ्जलि अर्पण गरेका थिए ।

# बजार क्षेत्रमा ट्राफिक नियममा कडाई

☐ युद्धबहादुर बोहोरा



**पाँचथर, चैत ४।** इलाम र पाँचथरको सिमाना राँके-रवि सडक अन्तर्गतका घुर्बिसे पञ्चमी-सप्तमी-रवि बजार लगायतका क्षेत्रहरुमा चैत महिनादेखि ट्राफिक नियममा कडाई गर्न थालिएको छ ।

गत केही महिनाअघिदेखि पहाडी क्षेत्रका ग्रामीण बस्तीहरुमा विभिन्न ठाउँबाट चोरीका अबैध मोटरसाइकल भित्रिएको र केही पक्राउ परिसकेका कारण थप निगरानी गर्न र ब्लू-बुक, लाइसेन्स, हेल्मेट बिना मापसे गरी नियम विपरीत लापरबाही चलाउनेलाई कार्वाही गर्ने गरी कडाई शुरु गरिएको इलाका प्रहरी कार्यालय रविबाट गएका ट्राफिक प्रहरी कमल राज लिम्बूले जानकारी दिए । नियम विपरीत सवारी चलाएमा दुर्घटना हुन सक्ने खतरा र यात्रु सुरक्षालाई मध्यनजर गर्दै यसको न्यूनीकरण गर्न उक्त अभियान शुरु गरिएको उनले बताए ।

प्रहरी चौकी फाक्तेपको सहकार्यमा प्रहरी नायब निरीक्षक गंगाबहादुर राईसहितको टोलीले चैतदेखि यस क्षेत्रमा नियमित तथा छड्के चेकिङ्ग गर्न थालिएको छ । आगामी दिनमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै व्यवस्थितरूपमा निरन्तर चेकजाँच गरी चालक तथा यात्रुको हितमा काम गरिने हुँदा सरोकारवाला सबैले नियम पालन गर्न अनुरोध गरिएको प्रहरी चौकी फाक्तेपका इञ्चार्ज रामनारायण माझीले बताए ।

ट्राफिक नियम उल्लंघन गरी जबर्जस्ती सवारी चलाएमा तोकिएको कानून अनुसार जरिवाना गरिने बताइएको छ । पहाडी क्षेत्रमा रहेको यो सडक हुँदै हाल यासोक, रवि, इलाम, फिदिम, बिर्तामोडमा दिनहुँ ट्रक, बस, ट्याक्टर, ट्याक्सी, पिकअप, अटो तथा मोटरसाइकल लगायत सयौं सवारीसाधन आवात-जावत गर्ने गर्दछन् ।

# बंगुरपालन सम्बन्धी अभिमुखिकरण



**पाँचथर, चैत ४।** फाल्गुनन्द गाउँपालिका वडा नम्बर ४ चिलिङ्देनमा बंगुरपालन सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।

वडाको पुरानो पञ्चमी बजारमा रहेको तीनचुले जडिबुटी तथा कृषि सहकारी संस्थाको आयोजनामा भएको कार्यक्रममा गाउँपालिका अध्यक्ष वीरबहादुर कुरुम्बाङको प्रमुख आतिथ्य तथा उपाध्यक्ष देवित्राकुमारी आङ्देम्बे साथै प्रमुख प्रशासकीय अधिकृत निर्मल तुम्रोक, वडाध्यक्ष मानबहादुर चेम्जोङ, सदस्य कविन्द्र लावती लगायतको उपस्थिति रहेको थियो ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत पालिकाबाट १० लाख रुपैयाँ विनियोजन भएको रकमबाट पहिलोपटक वडाका २५ जना किसानलाई परम्परागत खोरलाई सुधार गरी आधुनिक र व्यवस्थित निर्माण गर्न २५ हजार रुपैयाँको दरले अनुदान उपलब्ध गरिने भएको छ ।

अन्य रकम नश्ल सुधार तथा उन्नत जातको बिउ बंगुर खरिद गरी एआइ प्रविधि शुरु गर्ने, औषधि खरिद, उपचार, खोप लगायतका कार्यक्रम सञ्चालन गरी बंगुरपालन व्यावसाय प्रति कृषकलाई उत्साह प्रदान गर्दै स्वरोजगारको माध्यमबाट बेरोजगार समस्या हल गर्ने लक्ष्य रहेको पालिका कार्यालयले जनाएको छ ।

पालिकाभित्र सञ्चालन हुने सबै कार्यक्रमलाई प्रभावकारी बनाउन पशु शाखा मार्फत थप प्राविधिक सेवा र परामर्शसहित अनुगमन समेत गरिने पालिकाका प्रमुख प्रशासकीय अधिकृत निर्मल तुम्रोकले जानकारी दिए ।

कार्यक्रममा महाभारा पशुपंक्षी फर्म सञ्चालकद्वय अमर नेम्वाङ र रविन नेम्वाङ, श्रीजंघा कृषि सहकारीका अध्यक्ष तारावीर नेम्वाङ, महिला कृषि सहकारी संस्थाका अध्यक्ष देवमाया नेम्वाङ लगायतले सुझाव राखेका थिए ।

यस क्षेत्रमा कृषकहरु बंगुरपालनको पकेट क्षेत्र बनाउने उद्देश्य राखेसँगै संघीय, प्रदेश र स्थानीय सरकारबाट आवश्यक बजेटको समेत अपेक्षा गरेको बताउँछन् । तीनचुले जडिबुटीका अध्यक्ष पेम्बा शेर्पाको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन सचिव अमर नेम्वाङले गरेका थिए ।

# पूर्व विद्यार्थीको सहयोग



**दुहागढी, चैत ४।** मेचीनगर-१४ दुहागढीस्थित बाल सुबोधिनी माध्यमिक विद्यालयलाई पूर्व विद्यार्थीले ५० हजार रुपैयाँ सहयोग गरेका छन् ।

अमेरिकामा रहेका झइन्द्र सुबेदी र अष्ट्रेलियामा रहेका पुन्य सुबेदीले विद्यालयलाई सहयोग गरेका हुन् । पूर्व विद्यार्थीहरुका बुवा एवम् विद्यालयका पूर्व अध्यक्ष जयप्रसाद सुबेदी र आमा तिलरुपा सुबेदीले विद्यालयका प्रधानाध्यापक विश्व थापालाई रकम हस्तान्तरण गरेका थिए ।

# कमलमा पूर्ण सरसफाई कार्यक्रममा तिव्रता

☐ उमानाथ भण्डारी

**कमल, चैत ४।** कमल गाउँपालिकाले पूर्ण सरसफाई कार्यक्रममा तिव्रता दिएको छ ।

गत वर्ष नै पूर्ण सरसफाई कार्यक्रमलाई सञ्चालनमा ल्याए पनि गाउँपालिकाका केही वडामा कार्यक्रम पुग्न सकेको थिएन । त्यसैलाई निरन्तता दिँदै विराट सामुदायिक अध्ययन केन्द्रको साझेदारीमा पूर्ण सरसफाई कार्यक्रमलाई तिव्रता दिएको हो ।



कार्यक्रममा भान्साघरदेखि शौचालयसम्म पूर्णरुपमा सरसफाई हुनुपर्ने, त्यसका लागि प्रत्येक नागरिकले प्रणालीबाट वितरण गरिएको शुद्ध पानि प्रयोग गर्नुपर्नेमा जोड दिइएको छ । अहिलेसम्म ट्युवेलको पानी प्रयोग गरिरहेका नागरिकलाई प्रणालीबाट वितरण गरिएको पानी प्रयोग गर्न प्रोत्साहन गर्नुपर्ने लगायतका विषयमा छलफलमा सहभागीले जोड दिएका छन् ।

गाउँपालिकाले तयार पारेको खानेपानी सरसफाई स्वच्छता योजना (वास)लाई कार्यान्वयनमा ल्याउनका लागि विद्यालय तहमा खानेपानी सरसफाई स्वच्छता सुधारका लागि विद्यालय तहको खानेपानी सरसफाई स्वच्छता योजना कार्यविधि पास गरी कार्यान्वयनका लागि गाउँ कार्यपालिकालाई अनुरोध गर्ने निर्णय गरेको प्रदेश खानेपानी सरसफाई स्वच्छता कस्लटरका संयोजक विनोद शर्माले बताए ।

विद्यालयको भौतिक अवस्था कमजोर भएका कारण विद्यार्थीको चाप अनुसार शौचालय व्यवस्था गर्न नसकेको, शुद्ध पिउने पानीको अवस्था पनि उस्तै रहेको बेलामा यस्ता कार्यक्रमले विद्यालयमा शौचालय र शुद्ध पिउने पानीको व्यवस्था हुन सक्नेमा आफू विश्वस्त रहेको कमला मदन-आश्रित स्मृति माध्यमिक विद्यालयका प्रधानाध्यापक हिमप्रसाद दाहाल बताउँछन् ।

ओडिएफ घोषणा गरेर मात्र हुँदैन अब पूर्ण सरसफाई कार्यक्रमलाई निरन्तरता दिन आवश्यक रहेको र यस्ता कार्यक्रम बाँकी रहेका वडामा समेत कार्यक्रम सञ्चालन गरिने कमल गाउँपालिकाकी अध्यक्ष मेनुका काफ्लेले बताइन् ।

मर्यादित महिनावारी व्यवस्थापन, विद्यालयमा खानेपानी सरसफाई तथा स्वच्छता कार्यविधि, खाद्य गुणस्तर कार्यविधि अनुमोदन गरी कार्यान्वयनका लागि गाउँकार्यपालिकालाई अनुरोध गर्ने निर्णय गरेको कमल गाउँपालिकाका पूर्ण सरसफाई कार्यक्रम संयोजक इन्द्र अर्यालले बताए ।


## रेष्टुरेन्ट बिक्रीमा

झापाको बिर्ताबजारमा अति चालू अवस्थाको रेष्टुरेन्ट तु-बिक्रीमा छ ।

सम्पर्क : ९८२६९४३८८९

## बिमालेख हरायो

बिर्तामोडबाट शनिश्चरे जाने क्रममा यही मिति २०७७/१०/२० गते मेरो निम्न व्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नामः- पूर्णिमाकुमारी मेयाङ्वो
ठेगानाः- बिर्तामोड नपा-१, झापा
बीमालेख नं.:- २०२०४९६९३
कम्पनी नामः नेपाल लाइफ इन्स्योरेन्स क.
सम्पर्कः ०२३-५४२७१७

## बिमालेख हरायो

बिर्तामोडबाट शनिश्चरे जाने क्रममा यही मिति २०७७/१०/२० गते मेरो निम्न व्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नामः- सुमित्रा बेघा
ठेगानाः- बिर्तामोड नपा-१, झापा
बीमालेख नं.:- २०४९६९२
कम्पनी नामः नेपाल लाइफ इन्स्योरेन्स क.
सम्पर्कः ९८४२६५५६२२

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्कः ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोन झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

## राहदानी हरायो

इलामको नेपालटारबाट इलाम बजार जाने क्रममा यही मिति २०७७।१०।२७ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

नामः- राजकुमार राई
ठेगानाः- जितपुर-१, इलाम
हाल : देउमाइ नगरपालिका-८
राहदानी नं.:- ०७९१८३९२

## कर्मचारी आवश्यकता

कुक : ३ वेटर : ४
क्लिनर : २ क्यासियर : १
तलब : आपसी समझदारीमा

मार्सी होटल तथा आशीर्वाद क्याटरिङ्ग
कन्काई रोड छेउ
(फोनः ९८४२६२४८७५, ९८२४०८५४७४)

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## बिरामी वर्गलाई खुशीको खबर

अत्यन्तै सरल, सहज ढंगले क्षारसूत्र विधिले पायल्स, फिस्टुला, फिसर तथा यौवन कमजोरी लगायत दम, खोकी, पिनासको उपचार गरिन्छ । साथै जाडरक्सी थाहै नपाइ १००% छुटाइन्छ ।

मो. ९८४२६४३६१८/९८०४९९४८८०
शनिश्चरे रोड, शिखर बजार पछाडि, बिर्तामोड, झापा

## श्री आदर्श विद्या मन्दिर माध्यमिक विद्यालय

कनकाई नगरपालिका-९, घैलाडुब्बा, झापा

### शिक्षक आवश्यकता

यस श्री आदर्श विद्या मन्दिर मावि कनकाई-९ घैलाडुब्बामा रिक्त रहेको प्राथमिक तहको दरबन्दी करार शिक्षक पदपूर्ति गर्नुपर्ने भएकोले शिक्षक सेवा आयोगबाट प्रकाशित यस झापा जिल्लाभरिका प्राथमिक शिक्षकको करार सूचीमा नाम भएका तपसिल बमोजिमका योग्यता पुगेका इच्छुक नेपाली नागरिकलाई दरखास्त दिन अनुरोध गरिन्छ ।

तपसिल
पद : शिक्षक (करार) पद संख्या : १ (एक) तह/श्रेणी : प्राथमिक तृतीय
शैक्षिक योग्यता : शिक्षाशास्त्र संकायमा कक्षा १२ उत्तीर्ण वा सो सरह
पारिश्रमिक : नेपाल सरकारले तोके बमोजिम
उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
दरखास्त दिने अन्तिम मिति : २०७७/१२/१८ कार्यालय समयसम्म ।
परीक्षा दस्तुर : रु. १५००।००
आवश्यक कागजातहरु
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
- शैक्षिक योग्यता र तालिमको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि
- अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि

प्रधानाध्यापक : धर्मानन्द निरौला

## पाथीभरा सिने प्लाजा बिर्तामोड अब खुल्ला

हिन्दी चलचित्र : ROOHI

पहिलो शो ११:४५ । दोस्रो शो २:४५ । तेस्रो शो ६:३०

बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ ।
(फोन नं. ०२३-५४६४३६)




## सुवर्ण अवसर ! सुवर्ण अवसर !!

CTEVT बाट सम्बन्धन प्राप्त तथा नेपाल सरकारबाट मान्यता प्राप्त यस सौन्दर्य ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टरमा रु. १५,०००।- मा ४५ दिने ब्यूटिसियन सम्बन्धी Level-1 (Basic Course) तथा CTEVT Exam सहितको तयारी कक्षा ब्यूटिसियन विज्ञ तथा Assessor बाट सञ्चालन मिति २०७७ साल चैत्र ९ गतेबाट शुरु हुँदैछ । यस अवसर अन्तर्गत (Basic Course) सिक्न र Level-1 को परीक्षा दिन चाहने इच्छुक ब्यूटिसियनहरुले २०७७ चैत्र ७ गतेभित्र सीप परिक्षणको दरखास्त फाराम भर्नका लागि सम्पर्क राख्नुहोला । सिट सिमित छ ।

सौन्दर्य ब्यूटिपार्लर एण्ड ट्रेनिङ सेन्टर, बिर्तामोड, झापा
फोन : ९८०४९४७२७५, ९८१४९८३२७३

## कर्मचारी आवश्यकता

२० बर्षमाथि ५० बर्षसम्म उमेर भएका महिला/पुरुष सिभिल (भूपू प्रहरी) आर्मीलाई विशेष ग्राह्यता) सेक्युरिटी गार्डको आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला ।

महिला : १० जना उमेर : २० देखि ३० वर्ष
पुरुष : २० जना उमेर : २५ देखि ५० वर्ष
कार्यक्षेत्र : झापा जिल्लाभर

पर्फेक्ट सेक्युरिटी सेन्टर
सिटी सेन्टर पूर्व देवी क्याम्पस चोक
मो ९८४२६२५०२०, ९८०४७७१५६८

## सुरक्षागार्ड चाहियो

पूर्व नेपाल प्रहरी तथा नेपाली सेनामा काम गरी अवकाश प्राप्त केही सुरक्षा गार्डहरु चाहिएको हुँदा काम गर्न इच्छुक व्यक्तिले तु-सम्पर्क राख्नुहोला ।

लेखापाल : १ जना
योग्यता : +२ पास (अनुभवी)

सेक्टरवान सेक्यूरिटी सर्भिस
बिर्तामोड, झापा
फोनः (९८२४९८२२९६, ९८५२६४१७४०, ९८१७९२६३२२)

## हाडजोर्नी तथा नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका विशेषज्ञ बिर्तामोडमा

स्पार्क अस्पताल काठमाडौं तथा काठमाडौं न्यूरो अस्पतालका वरिष्ठ डाक्टर अनिलकुमार महतो यही चैत्र ५ गते बिहीबार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ । आफ्नो समस्या जाँच गराइ मौकाको फाइदा लिनुहोस् ।

जाँच हुने समस्याहरु :
- ढाड, कम्मर, गर्दन, घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झमझमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

समय : बिहान ८:०० बजेदेखि ३:०० बजेसम्म

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८५२६७५०३३)

## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।




ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** प्रतिस्पर्धामा उत्रनुपरे पनि विभिन्न अवसर प्राप्त हुनेछन् र मनग्गे लाभ हुनेछ । भौतिक साधन जुट्नाले दिगो फाइदा हुने काम शुरु हुनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** परिस्थितिको अनुकूलताले प्रतिष्ठा जोगाउन सफल भइनेछ । मेहनतले प्रतिस्पर्धाको दौड जिताउन सक्छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** यात्राको प्रक्रिया अघि बढ्नेछ । पुरुषार्थी काम सिद्ध गर्ने समय छ । साँझतिर प्रियजनसँग भेटघाट हुनेछ । प्रेम र मित्रताको बन्धन कसिनेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** परिस्थितिवश काममा अलमल हुनेछ भने प्रतिक्षित नतिजा समेत कमजोर देखापर्नेछ । कामको चाप र जिम्मेवारी बढ्नेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** आत्मबलमा कमी आउन सक्छ । अवसरवादीहरूले आफ्ना कमजोरीबाट फाइदा उठाउने चेष्टा गर्नेछन् ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** अप्ठ्यारो स्थितिमा धैर्यले काम लिने चेष्टा गर्नुहोला । शुभचिन्तकहरूको साथ जुट्नाले काम बन्नेछ । समय लागे पनि नाम र दाम प्राप्त हुनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** कामको चाप बढ्नेछ भने एकपटक बनिसकेको काम फेरि दोहोऱ्याउनु पर्ने हुन सक्छ । अवसरको खोजीमा निकै दौडधुप गर्नुपर्ला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** शरीरमा कमजोरी अनुभूति हुनेछ । समस्या दर्साउँदा शुभचिन्तकहरूले साथ दिनेछन् । काम पूर्ण नभए पनि प्रयत्न गर्दा आंशिक लाभ हुनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** अप्ठ्यारो स्थितिमा धैर्यले काम लिने चेष्टा गर्नुहोला । शुभचिन्तकहरूको साथ जुट्नाले लक्ष्यमा पुगिनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** प्राथमिकताका आधारमा काम गर्न नसक्दा पछि परिनेछ । बोली-व्यवहारमा अलि सजग रहनुपर्ला । हातबाट लक्ष्मी बाहिरिने सम्भावना छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** कर्जा र उधारो व्यापारमा चनाखो रहनुपर्नेछ । नियमित काममा साविक जस्तै फाइदा भइरहनेछ । कसैले धोका दिन सक्ला ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** क्षणभरको मनोरञ्जन कालान्तरमा अभिशाप बन्न सक्छ । साँझतिर स्वास्थ्यमा कमजोरी देखिनाले चिताएको काम अवरुद्ध बन्न सक्छ ।